# नेपाली समाजमा विवाहको स्वरूपमा आएको परिवर्तन

**पूजन पोख्रेल कोइराला**
उप–प्राध्यापक, समाजशास्त्र
पद्मकन्या बहुमुखी क्याम्पस
Email: pujan7000@gmail.com
https://orcid.org/0009-0002-7984-0952
September 2025

**लेखसार**

*हिन्दूहरूको संस्कारमध्येको विवाह सबैभन्दा पवित्र संस्कार हो । हिन्दू धर्ममा पति र पत्नीका बीचमा सात जुनीको सम्बन्ध मानिने हुनाले विवाह संस्कार सम्पन्न भएपछि एकअर्कामा विश्वास आत्मीयता मैत्री र समर्पणको भावना उत्पन्न हुन्छ । परम्परादेखि नै नेपाली समाजले स्वीकार गरेको विवाहको प्रक्रिया एवं तरिका समयको गतिसँगै भएको सामाजिक परिवर्तनको प्रभावका कारण यसको स्वरूपमा पनि क्रमशः परिवर्तन हुँदैगएको छ । धार्मिक संस्कार र सजातीय आधारमा गरिँदैआएको विवाह संस्कार समाजमा भएको शैक्षिक जागरणले ल्याएको परिवर्तनले यसलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन भई परम्परागत परिधिभन्दा बाहिर आउनथालेको छ । यसरी समयको प्रवाहले ल्याएको विज्ञान र प्रविधिको विकास, शिक्षाको व्यापकता, सूचना सञ्चार र यातायातको सुलभता, अन्तरदेशीय आवागमनको सहजता आदि जस्ता कारणले सोचाइ एवं धारणामा समेत परिवर्तन आई समाजमा चलेको वैवाहिक प्रक्रियामा समेत नवीनता देखिन थालेको छ । यही नवीनताका कारण परम्परागत वैवाहिक प्रक्रियामा समेत आधुनिकताको प्रभाव परी स्वतन्त्रता, आत्मनिर्भरता, आत्मनिर्णय, जातीय एवं लैङ्गिक समानता, मानव अधिकार तथा शैक्षिक एवं वैचारिक समानताले ल्याएको परिवर्तित प्रक्रियालाई यस लेखमा विश्लेषण गरिएको छ ।*

***शब्दकुञ्जी*** *संस्कार, जुनी, समर्पण, सजातीय, परिधि, प्रवाह, प्रविधि*

## परिचय

सभ्यताको प्रारम्भदेखि समाजमा स्थापित विवाह संस्था मानवीय जीवनको आवश्यकता पूरा गर्दै परिवारको स्थापना गरी समाज विकासमा निरन्तरता दिने आवश्यक र अनिवार्य विश्वव्यापी रूपमा रहेको महत्वपूर्ण सामाजिक संस्था हो । यो व्यक्तिको जीवनकै महत्वपूर्ण र अझ हामी हिन्दूहरूको त १६ संस्कारमध्येको सबैभन्दा पवित्र संस्कार हो । यसलाई हिन्दू संस्कृतिको अन्य सबै संस्कार र चार आश्रम एवं चार पुरुषार्थ र तीन ऋणको पनि आधार मानिन्छ (खत्री, २०५८) । यसरी प्रारम्भ देखिनै विशेष महत्व बोकेको विवाह संस्था

सामाजिक परिवर्तनका क्रममा विवाहसम्बन्धी नयाँ नयाँ पद्धतिहरु विकसित हुँदैजाँदा विवाहका मूल्यमान्यता, प्रचलन, संकार र संस्कृतिमा समेत परिवर्तन आएको छ ।

विवाहको प्राचीनता , विकास एवं परिवर्तन सम्बन्धी अन्य विषयमा विभिन्न विद्वान्हरुद्वारा विभिन्न अनुसन्धान भएका छन् । यस लेखमा भने आधुनिकीकरण र विश्व ब्यापीकरणसँगै वैवाहिक पद्धतिहरु समयको अन्तरालमा परिवर्तन हुँदैगएको प्रसंगलाई प्रस्तुत गरिएको हुँदा विगतका अन्य अनुसन्धानभन्दा यो अनुसन्धान भिन्न रहेको छ । यस अनुसन्धानमा नेपाली समाजमा विवाहको प्रचलनमा आएको परिवर्तनको बारेमा चर्चा गरिने छ ।

## अध्ययन विधि

वर्तमान समयमा विवाहमा देखापरेका परिवर्तनका विषयमा अध्ययन गर्नकालागि अध्ययनसँग सम्बन्धित सन्दर्भ साहित्यको खोजीगर्न विभिन्न अनुसन्धानकर्ताद्वारा विवाहसम्बन्धी गरिएका अनुसन्धानहरू, किताबहरू, लेख, पत्रपत्रिका, अनलाइन लेख, समाचारहरूको समेत प्रयोग गरिएको हुँदा यस लेखमा द्वितीय स्रोतको प्रयोग गरिएको छ । यिनै द्वितीय स्रोतको प्रयोगको आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । विश्लेषणात्मक ढाचामा अनुबन्धित यस लेखमा गुणात्मक तथ्याङ्कको प्रयोग गरिएको छ ।

## सामाजिक स्वरुपमा आएको परिवर्तन र विवाह

परिवर्तन प्रकृतिको अनिवार्य नियम हो । संसारका सबै भौतिक एवं अभौतिक वस्तु परिवर्तनशील छन् । त्यसैले विवाह र परिवार जस्ता सामाजिक संस्थाहरूलाई पनि समाजका अन्य शक्तिहरूले परिवर्तन गर्न दबाब दिइरहेका हुन्छन् (कौर र सिन्हा, २०१३) । यही परिवर्तनको नियमअनुसार नै नेपाली समाजमा विवाह गर्ने उमेरमा भएको वृद्धि, सजातीय विवाहमा आएको परिवर्तन, संयुक्तबाट एकात्मक परिवारको निर्माण पनि उद्विकासका कारण आएका सामाजिक परिवर्तनहरू हुन् । नेपाली समाजमा पनि लामो समयसम्म स्वीकार गरिएको विवाहको स्वरुप मागी विवाह हो । समयको गतिसँगसँगै विवाहको परम्परागत पद्धतिमा परिवर्तन आएको छ । परम्परागत रूपमा परिवारबाट विवाह नियन्त्रित थियो । विवाहका लागि केटाकेटी खोज्ने काम अर्थात् जोडी मिलाउने काम अभिभावक र नातेदारबाट हुन्थ्यो । विवाह आफ्नो जात, धर्मअनुसार गरिन्थ्यो । विवाहसम्बन्धी निर्णय परिवारको मूलीबाट हुने गर्दथ्यो । विवाहको बारेमा व्यक्तिगत निर्णयलाई परिवारले स्विकार्दैनथ्यो । त्यस समयमा विवाहलाई नियन्त्रित गर्ने माध्यम सम्पत्ति, धर्म, जाति र सामाजिक नियमहरु रहेका थिए (थापा र कटेल, २०१९) ।

दक्षिण एसियाका देशहरुमा हिन्दू विवाहमा अभिभावकीय निर्णयबाट हुनेगरेको मागी विवाहको लामो इतिहास पाइन्छ । समाजमा मागी विवाहमा विवाहअगाडि केटाकेटीबिच विनाभेटघाट, विना देखादेख र विनाचिनजान

विवाह हुनेगर्दथ्यो । विवाहअगाडिको भेटघाटलाई धार्मिक एवं सामाजिक नियमका आधारमा प्रतिबन्ध लगाइएको थियो । नेपाल वि.सं.२००७ सालअघिसम्म आर्थिक र सामाजिक रूपमा विश्वबाट लगभग अलग थियो । २००७ सालको परिवर्तनदेखि बाह्य देशहरुसँग सम्पर्कको कारण नेपाली समाजमा सामाजिक र आर्थिक परिवर्तन हुनथाल्यो । सन् १९७० देखि भने औपचारिक शिक्षाको विस्तार, कामका लागि ज्यालाको निर्धारण, सरकारी सेवा, यातायात, संचारको विकास एवं पूर्वाधारको विकासले व्यक्तिको दैनिक जीवनमा प्रभाव पर्नथाल्यो । त्यही समयदेखि सामाजिक परिवर्तनको प्रभावस्वरूप विवाहमा अभिभाकीवय निर्णयका ठाउँमा व्यक्तिगत छनोटले प्राथमिकता पाउँदै जानथाल्यो (घिमिरे र अन्य २००६) ।

देशभित्र प्राप्त शिक्षा, रोजगारी आदिको माध्यमबाट परिवार बाहिर सामाजिक एवं आर्थिक क्रियाकलापमा संलग्न भएपछि युवाहरुमा आत्मनिर्भरता बढेर आयो । आधुनिक शिक्षासँगै सन्तानको ज्ञान, सिप र क्षमता अभिवृद्धिका कारण अभिभावकको सन्तानप्रतिको सोचाइमा समेत परिवर्तन हुन गई आफ्ना सन्तानलाई साथीको रूपमा हेर्नथालियो । नयाँ शिक्षाबाट प्राप्त ज्ञान, सिप र क्षमताको प्रभावस्वरूप अभिभावकमा सन्तानको इच्छाअनुसार निर्णय गर्ने संस्कृतिको अभ्यास हुनथाल्यो । आधुनिक औपचारिक शिक्षाले आत्मनिर्भरता बढायो । आत्मनिर्भरताले व्यक्तिगत निर्णय गर्नसक्ने क्षमता वृद्धि हुँदा वैवाहिक निर्णयमा समेत प्रत्यक्ष प्रभाव पर्नगयो । नेपालमा वि.सं. २००७ को प्रजातन्त्र पछि विद्यालयहरु औपचारिक रुपमा खोल्ने क्रममा भारतीय र बेलायती नमूनाको पाठ्यक्रम तयार गरियो । यस किसिमको शिक्षाले पश्चिमा शैलीलाई बढाउनुका साथै नेपाली समाजमा परम्परागत रूपमा परिवारभित्र रहेको सामाजिक नियन्त्रणलाई हटाउँदै लग्यो । परिवारबाट बाहिर छुट्टै एकात्मक परिवारको निर्माण गरी बस्ने संस्कृतिको विकास भयो । यसरी नेपाली समाजभित्र विवाह प्रचलन परिवर्तन हुनुमा आमशिक्षाको प्रसार, परिवारबाट टाढा बसी काम गर्ने अवसर, कामको सिलसिलामा दैनिक यातायातको साधनको प्रयोग, युवाहरुको क्लबहरुमा हुने भेटघाट, अन्तरक्रिया, संगीत, खेलकुद, राजनीति, बजार, सिनेमा, कलेज जस्ता सामाजिक संगठनका माध्यमबाट सहपाठीहरूसँगको भेटघाट आदि रहेका छन् (घिमिरे र अन्य २००६) । यसरी समयको परिवर्तनसँगै विचार, विज्ञान र प्रविधिको विकासले ल्याएको परिवर्तनले विवाहलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आई विवाहमा व्यक्तिगत छनौटले प्राथमिकता पाउँदा समाजमा वैवाहिक पद्धतिमा परिवर्तन भएको छ । विश्वमा जातको आधारमा भेदभाव हुनु, कानुनी रूपमा नै दण्डनीय भएकाले विवाहका सम्बन्धमा जातीय परिधिहरु फराकिलो बन्दैगएका छन् ।

यद्यपि विवाहको परिवर्तित सन्दर्भलाई अध्ययन गर्दा प्रेमविवाहको प्रचलन समाजमा अघिदेखि नै कतैकतै हुँदैआएको भए तापनि प्रशस्त मात्रामा देखिदैनथ्यो । समाजमा भएका यस्ता अन्तर्जातीय विवाहलाई समाजले सहर्ष स्वीकार गर्दैनथ्यो । जातीय रुपमा कानुनले सामाजिक विभेदको अन्त्य गरेको भए ता पनि विवाहका सम्बन्धमा भने अझै पनि अभिभावकको निर्णय नै महत्वपूर्ण मानिन्छ (लुइटेल, २०१८) ।

हरेक समाजमा निश्चित मापदण्डका आधारमा वैवाहिक निर्णय अभिभावक र नातेदारीका माध्यमबाट तय गरिन्थ्यो । परिवर्तित समाजमा आधुनिकताको प्रभाव एवं बढ्दो नगरीकरणसँगै समाजमा यी परम्परागत जातीय संरचनाहरु भत्किनथालेका छन्, भने नव युवाहरुले आर्जित शिक्षा, पेसा र आयलाई पारिवारिक संरचनाको आधार बनाउन थालेका छन् (श्रीनिवास, १९७७) । यसरी परम्परागत सामूहिकतामा आधारित समाज व्यक्तिवादितातिर परिवर्तन हुँदै गएको छ । यस सामाजिकरणको प्रक्रियाले परम्परागत वैवाहिक प्रचलनमा समेत परिवर्तन ल्याएको छ। आत्मनिर्भरता, आत्मनिर्णयको अधिकारले विश्वव्यापी रुपमा सामाजिक प्रचलनमा प्रभाव पारेको छ । वर्तमान समयमा धार्मिकताभन्दा पनि वैवाहिक कार्यभित्र देखिने नयाँनयाँ संस्कृतिहरु ,आमसंचार, शिक्षा, प्रविधिको विकास तथा विवाहमा संस्थागत व्यावसायीकरण विश्वव्यापी सास्कृतिक प्रसारको रुपमा देखिन्छ। जुन परम्परा नेपाली समाजभित्र थिएन। तीन दशकअगाडिसम्म नेपाली समाजमा अधिकांश विवाहहरु घरैबाट गरिन्थ्यो। वैवाहिक कार्य सम्पन्न गर्ने क्रममा छरछिमेकी, इष्टमित्र एवं नाता गोताहरुको सहयोगलाई कर्तव्य ठानिन्थ्यो। वर्तमान समाजमा सहजीकरण स्वरुप स्थापित व्यावसायिक संस्थाहरुले वैवाहिक कार्यक्रमलाई सहज बनाईदिएका छन्। अधिकांश विवाहहरु घरभन्दा बाहिर पार्टिप्यालेसबाट हुने गर्छन् । जसले छिमेकी र नातादारहरुसँगको सामाजिक संम्बन्ध एवं कर्तव्यलाई औपचारिकतामा सीमित बनाएको छ । समाज परिवर्तनका क्रममा विवाहका निर्धारक पक्षमा समेत परिवर्तन भएको छ । विवाहमा ब्यक्तिगत छनौट,व्यक्तिगत निर्णय, समाजमा बढ्दैगएको लैंगिक समानताले छोराछोरीबिचको विभेदलाई कम गर्दैलगेको छ। त्यसैगरी समान शिक्षा एवं आत्मनिर्भरतालाई दिइने प्राथमिकता,पेसागत शैक्षिक एवं वैचारिक समानताले आधुनिक नेपाली समाजमा हुनेगरेका विवाह पद्धतिमा परिवर्तन ल्याएको छ। सन्तानको आवश्यक्ता, उत्तराधिकारीको अनिवार्यतालाई महत्वदिने नेपाली समाजमा विवाहअगाडिको सम्बन्धलाई राम्रो मानिदैनथ्यो (रिथर्डफोर्ड र थापा, १९९८) । वर्तमान समयमा प्रविधिको परिवर्तित बिकास सँगै वैवाहिक पद्धतिहरु फेरिँदै गएका छन । केही दशकअगाडिसम्म विवाहपूर्व विनादेखादेख र विनाचिनाजान हुने गरेकाविवाह अहिले आएर विवाहपूर्व एकअर्काबिचको वैचारिक समानता एवं राम्रो चिनाजानीपछि दुबै पक्षबिच कुरा मिलेको खण्डमा मात्र विवाह हुनसक्ने अवस्था रहेको छ (म्याकडानियल, १९६९) । युवाहरुनै सामाजिक परिवर्तनका मुख्य संवाहक भएकाले उनीहरुको इच्छा र चाहाना अनुसारनै समाज रुपान्तरित हुनेगर्दछ (मील्स, २०००) । यही समाज रुपान्तरणका क्रममा युवाहरुको विवाहसम्बन्धी छनौटमा समेत परिवर्तन आएको छ । परम्परागत रुपमा नेपाली समाजमा जातीयतामा आधारित विवाहमा समेत परिवर्त भई विवाह जात, धर्मविशेषभन्दा बाहिर हुनथालेका छन् । वैवाहिक प्रक्रिया पूरा गर्ने क्रममा देखापरेका नयाँनयाँ औपचारिक संस्कृतिले समेत विवाह पद्धति बोझिलो बन्दैगएको छ । समाजमा परिवारको आकार घट्दैजाँदा विवाह संस्थामा समेत असर पुगेका कारण केटाकेटीलाई जोडी छनौटमा समेत समस्या देखिएको छ त्यसैगरी वि.स २०५२ देखि सशस्त्र मावोवादि द्वन्द्वका कारण अधिकांश शहरी एवं ग्रामीण क्षेत्रमा रातिको समयमा हुनेगरेका विवाह दिउसोको समयमा हुन थालेका छन (गौतम, २०१९) ।

## विवाहमा आधुनिकताको प्रभाव

प्राचीन समाजमा पुरुष र महिलाबिच समान सामाजिक अस्तित्व भएपनि आमाको वंशबाट सन्तानको पहिचान हुन्थ्यो । समाजमा वस्तु उत्पादनको स्वरूपमा आएको परिवर्तनसँगै पितृप्रधान समाज अस्तित्वमा आएपछि सम्पत्ति हस्तान्तरणका लागि छोराको अनिवार्यता आवश्यक ठानियो । यही अनिवार्यताले बनेका विवाहसम्बन्धी कानुन, सम्बन्ध विच्छेदको व्यवस्था, वैवाहिक रुपमा जातीय धार्मिक स्वतन्त्रता आदि विवाहको प्रचलनमा आएका परिवर्तनहरू हुन् । विवाहका सम्बन्धमा गरिने निर्णयको ऐतिहासिक अध्ययन गर्दा पुर्ख्यौली सम्पत्तिको आधारमा प्राप्त सामाजिक प्रतिष्ठा तय हुने परिपाटीभित्र विवाहसम्बन्धी निर्णय परिवारको मूलीको हातमा हुनेगर्दथ्यो । यस किसिमको समाजमा विवाहपूर्व देखादेख नभएका, विनाचिनजान, विनापूर्वप्रेम आफ्नो निर्णय बेगर अभिभावकको समझदारीमा विवाह हुन्थ्यो । तर उत्पादनका स्रोतमाथि व्यक्तिको स्वतन्त्र अधिकार बढ्दैजाने क्रममा परम्परागत प्रचलनमा रहेको मागी विवाहको स्वरूप बदली समाजमा प्रेमविवाह लोकप्रिय वन्नपुग्यो (मिश्र, २०६७) । यसरी आर्थिक हैसियतसँगै समाजमा विवाहको प्रचलनमा समेत परिवर्तन हुँदैगएको छ । फेडरिख एङ्गेल्स, को भनाई लाई उद्धृत गर्दै राजेन्द्र मास्के भन्नुहुन्छ – प्राचीन सामूहिक विवाहदेखि निजी स्वामित्वको उत्पत्ति हुँदासम्म प्रचलनमा आएको विवाह प्रथालाई उत्पादनको स्वरूपमा आएको परिवर्तनसँगै जोडेर व्याख्या गर्नुपर्ने हुन्छ । उत्पादनका स्वरूपमा परिवर्तन हुँदा नै विवाहका परम्परागत प्रचलनमा समेत परिवर्तन आई व्यक्तिले आफूलाई उत्पादन अनुकूल बनाउँदै लैजाने क्रममा विवाह सम्बन्धी दृष्टिकोणमा परिवर्तन आएको हो । यसरी निजी स्वामित्वको उत्पत्तिसँगै मध्ययुगीन विचार प्रणालीका विवाहसम्बन्धी पुराना सीमा मेटिँदै गए र विवाहसम्बन्धी नयाँ क्षितिजहरू देखापर्ने क्रममा नै प्रेमविवाहलाई मानव अधिकारको रूपमा घोषित गरियो (मास्के, १९८६) । विवाहको प्रचलनमा आएको परिवर्तनको मुख्य कारकको रूपमा आर्थिक अवस्थामा आएको परिवर्तनलाई नै मान्नुपर्ने हुन्छ । जसको कारण आर्थिक उपार्जन गर्ने क्रममा योग्यता बनाउने प्रसङ्गले विवाह गर्ने उमेर बढ्दै जानु, वढ्दो शैक्षिक उपलब्धि, घट्दो लैङ्गिक विभेद र प्रजनन विकल्पले पनि विवाहलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्याएको हो । देशमा आएको सामाजिक, आर्थिक, राजनीतिक परिवर्तनले व्यक्तिको चरित्रमा समेत परिवर्तन गरी व्यक्तिलाई स्वतन्त्र र स्वनिर्भर बनाउँछ । दोस्रो विश्वयुद्धपछि उर्लदो आर्थिक वृद्धि, श्रम बजारमा महिलाको संलग्नता एवं राजनीतिक र सांस्कृतिक रूपमा महिला सशक्त बन्दैजाँदा दाम्पत्य जीवन पुर्नगठन भई अल्पकालीन हुँदै क्रमशः क्रमिक एकल विवाहले मान्यता प्राप्त गऱ्यो (मिश्र, २०७४) । जसको कारण विवाहका परम्परागत प्रचलनमा समेत परिवर्तन आई स्वजिम्मेवार र स्वतन्त्रताका कारण विवाह कोसँग गर्ने ? कहिले गर्ने ? कसरी गर्ने ? भन्ने कुराको बारेमा व्यक्तिगत निर्णयले प्रश्रय पायो ।

हरेक समाजमा राज्यव्यवस्था जस्तो छ परिवार पनि त्यही राज्यव्यवस्था अनुसार चलेको हुन्छ । विवाहको परिवर्तित स्वरूपअन्तर्गत हुने एकलगामी विवाह पनि आर्थिक हैसियतले गर्दा सामूहिक विवाह हुन नसकेको

अवस्थामा मात्र भएको हो । एकलगामी विवाह प्राकृतिक रूपमा नभई आर्थिक रूपमा आएको हो । यसरी एकपछि अर्को उत्पादनको स्वरूपमा आएको परिवर्तनसँगै स्वामीत्व हस्तान्तरणले विवाहको प्रचलनमा समेत परिवर्तन हुनगयो (एङ्गेल्स १८८४) । परम्परागत रूपमा महिला शिक्षा एवं रोजगारीका अवसरबाट टाढा रहने कारण आर्थिक पराधीनतासँग जोडेर महिलाहरूलाई हेरिन्थ्यो । तर अहिलेका विवाहमा आधुनिकताको प्रभाव, महिला अधिकार र आत्मनिर्भरताका कारण विवाहको प्रचलनमा परिवर्तन आएको छ (राउत, २०२२) ।

## सामाजिक परिवर्तन

परिवार, विवाह, नातेदारी, संपत्ति जस्ता संस्थाहरुले समाजलाई बाँधेर राखेको हुन्छ । समाज परिवर्तनका क्रममा यी संस्थाहरुमा परिवर्तन आउँदा व्यक्तिको भूमिकामा समेत परिवर्तन आउँछ । मानवीय सभ्यताको सुरुवातमा मातृवंशीय समाज उत्पादनको स्वरुपमा आएको परिवर्तनसँगै पुँजीवादी समाजमा पुरुष वंशीय परम्पराको सुरुवात भयो । यसै समयदेखि महिलाहरु सामाजिक रुपमा पछाडि परे । जसका कारण परस्पर महत्व भएका दुई लिंगलाई सामाजिक आधारमा लामो समयसम्म विभेद गरियो । यही विभेदले महिलालाई समाजबाट बनाइएका हुन् नकि जन्मिएका भन्ने मान्यताबाट हेरियो । तर आधुनिकताले ल्याएको परिवर्तनसँगै शिक्षा, संचार, कानुनमा आएको परिवर्तनले समाजमा लैंगिक विभेद हट्दैजाँदा सामाजिक संरचनामा समेत परिवर्तन हुँदा विवाह पद्धतिमा पनि परिवर्तन आउनथाल्यो (लुइटेल, २०१८) । त्यसैगरी देशमा शासकीय स्वरुपमा परिवर्तन आउँदा पनि देशभित्रको सामाजिक प्रचलनमा परिवर्तन आउँछ । वेलायती उपनिवेश पछि भारतमा पशिचमी शिक्षा, औद्योगिकीकरण र नगरीकरणको विकासपश्चात् आर्थिक निर्भरताका कारण शिक्षित केटाकेटीहरूले उज्ज्वल भविष्य र आर्थिक हैसियत वृद्धि गर्न नयाँ पिँढीहरूले विवाहअगाडिको प्रेम सँम्बन्धलाई सकारात्मक रूपमा लिनथाले (रुवाली, २०१८) । शिक्षा नै समाज परिवर्तनको संवाहक हो । औपचारिक एवं अनौपचारिक रूपमा प्राप्त शिक्षाले मानवीय चेतनाको स्तर वृद्धि भई व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार एवं लैङ्गिक विभेदमा समेत परिवर्तन ल्यायो । समाजमा भएको यस किसिमको परिवर्तनले विवाहलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आई परम्परागत समाजमा प्रतिष्ठाको विषयको रूपमा रहेको मागी विवाहमा परिवर्तन भई वर्तमान समाजमा अधिकांश विवाहहरू व्यक्तिगत छनौट एवं प्रेमका माध्यमबाट हुनथालेका छन् (लाउरा, २००४) । त्यसैगरी खासखास कुलघराना र आफ्नो जातिभित्र वैवाहिक सम्बन्ध राख्ने हिन्दू जातीय समाजमा वैध सन्तानको जन्म र सम्पत्तिको उत्तराधिकारी तय हुने प्रचलन थियो । परिवर्तनकारी सामाजिक सांस्कृतिक विशिष्टता अँगाल्नथालेको समाजमा विवाहको प्रचलनमा परिवर्तन भई मागि विवाहको ठाउँमा पशिचमा प्रेमविवाह, लोकप्रिय हुँदैआयो (मिश्र, २०६७ ) ।

**कानुनी परिवर्तन**

समयसमयमा विवाहलाई हेर्ने दृष्टिकोणमा फरक पाइन्छ । वि.सं १९१० मा बनेको मुलुकी ऐनले जातिअनुसार खानपिन र बिहेवारीमा दण्डसजायको नियम कडाइका साथ कार्यान्वयन गर्न लगाएको थियो तर यस किसिमको जातीयतासम्बन्धी कानुनले समाजमा जातीय असमानतालाई प्रोत्साहन गर्नपुग्यो । यसरी समाजमा जातीय असमानताले बढाएको सामाजिक विभेद अन्त्य गर्न वि. सं २०२० सालमा मुलुकी ऐन लागु गरियो जसले समाजमा लामो समयदेखि रहेको बालविवाह, बहुविवाह, अनमेल विवाह र जातीय विभेदको कानुनी रूपमा नै अन्त्य गर्‍यो । त्यसैगरी वि.सं. २०२० सालमा बनेको मुलुकी ऐनले विधवा विवाहलाई कानुनी रूपमा अनुमति दियो । यस ऐनले कानुन तह सम्बन्ध बिच्छेद गर्न पाइने अधिकार समेत कायम भयो । विवाहका कानुनी पक्षलाई परिवर्तन गर्ने क्रममा विवाहका लागि महिला र पुरुषको उमेर संरक्षकको मंजुरी भए अठार वर्ष र संरक्षकको मंजुरी नभएमा बीस वर्ष नपुगी विवाह गराएमा विवाह गराउनेमध्ये उमेर पुगेकालाई दण्ड सजायको व्यवस्था गरिएको थियो (मुलुकी ऐन, २०२२) । विवाहसम्बन्धी सामाजिक सुधार गर्ने उद्देश्यले वि.सं. २०२८ सालमा कानुनी रूपमा विवाह गर्नका लागि विवाह दर्ता ऐन बन्यो । यस ऐनका कारण अन्तरजातीय वैवाहिक सम्बन्ध कायम गराउन सरकारी पक्षको पनि महत्वपूर्ण योगदान रहेको छ । विवाह दर्ता ऐन, २०२८ ले २२ वर्ष पूरा भैसकेको पुरुष र १८ वर्ष पूरा भैसकेको स्त्रीबिच विवाह हुनसक्ने व्यवस्था उल्लेख गरेको थियो (नेपाल कानुन पत्रिका, २०६३) । त्यसैगरी विवाहका सम्बन्धमा सुधार गर्न वि. सं. २०३३ मा सामाजिक व्यवहार सुधार ऐन लागु गरियो जसमा बेहुली पक्षकाले बेहुला पक्षकालाई दिने नगद वा जिन्सी, दाइजो, गरगहना, जन्ती भोज, आमन्त्रण गर्ने व्यक्तिको निश्चित संख्याको बारेमा उल्लेख गरिएको छ । समाजमा विवाहको सन्दर्भमा बढ्दो विकृति र आडम्बरलाई नियन्त्रण गर्न सामाजिक व्यवहार सुधार ऐन २०३३ ले दण्ड सजायको समेत व्यवस्था गरेको थियो । यद्यपि व्यवहारमा भने यो नियम कार्यान्वयन हुनसकेन (सामाजिक व्यवहार सुधार ऐन, २०३३) ।

समाजमा लैङ्गिक समानता कायम राख्न नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ ले विवाह गर्ने केटा केटी दुवैको उमेर २० वर्ष हुनुपर्ने तोकेको छ । विवाह प्रचलनमा परिवर्तन ल्याउनमा राज्यको कानुनको पनि महत्वपूण भूमिका रहन्छ । प्रेमविवाह एउटा व्यक्तिगत सम्बन्धको आधारमा हुने परम्परागत सामाजिक परिवर्तनको संकेत पनि हो जसले जातीय आधारमा हुने सामाजिक असमानताको अन्त्य गर्छ जुन समयसगै आवश्यक हुनजान्छ । वि. स.२०६३ को अन्तरिम संविधानले कुनै पनि जाति, वंश समुदाय र पेसाको आधारमा विभेद गरिनु हुन्न भन्ने कानुन बनाइएको थियो । यदि कसैले विभेद गर्‍यो भने ३ महिनादेखि ३ वर्ष कैद र १००० देखि २५००० सम्म जरिवाना तथा दुबै हुनसक्ने व्यवस्था गरेको थियो । त्यसैगरी समाजमा रहेको जातीय विभेदलाई कम गराउनका लागि नेपाल सरकारले अन्तरजातीय विवाहलाई प्रोत्साहनस्वरुप २०६६ असार २९ गते अन्तरजातीय विवाह गर्ने जोडीहरुले विवाह गरेको ३०

दिन भित्रमा विवाह दर्ता गरेमा १००००० (एकलाख) रुपैया पुरस्कारस्वरुप पाउने व्यवस्थासमेत गरेको छ (पौडेल, २०१६) । यस्तो वैवाहिक सम्बन्धमा भएको कानुनी पिरिवर्तनसँगै वैवाहिक सम्बन्धहरू समाजमा अझै फराकिला बन्दैगएका छन् ।

## शिक्षा एवं पाश्चात्य संस्कृतिको प्रभाव

नेपाली समाजमा अझै पनि छोराछोरीको विवाह बाबुआमाका लागि एउटा महत्वपूर्ण कर्तव्यको रूपमा ठानिन्छ तर वर्तमान समयमा छोरीलाई विवाह गरेर अर्काको घरमा पठाउनभन्दा पनि छोरीहरूलाई आर्थिक रूपले सक्षम बनाउनका लागि दिइने शिक्षाले सशक्तीकरण गर्नेहुँदा विवाहलाई सामाजिक रुपबाट आवश्यक ठानिएन (अर्याल, २०२१) । बदलिँदो प्रजातान्त्रिक समाजमा विवाहलाई अनिवार्य धार्मिक संस्कारको रूपमा नलिई आत्मनिर्भरता र व्यक्तिको स्वविवेकको निर्णयको आधारको रूपमा लिइएको छ ।

विवाहका कुनै पद्धति बढी ग्राह्य बन्दैजाने हुन्छन् भने कुनैले भने वैधता गुमाउँदैजाने गर्दछन् जसले समाजमा वैवाहिक पद्धति रूपान्तरित हुनेगर्दछ । यही परिवर्तनकारी सामाजिक सांस्कृतिक विशिष्टता अँगाल्न थालेका समाजमा विवाहपूर्व केटाकेटीको चिनजान, बोलचाल र एकआपसमा विचार आदानप्रदान गरी घुलमेल भएपछि मात्र विवाह गर्ने प्रचलन बढ्नथालेको छ । वैवाहिक स्थिति परिवर्तनका सम्बन्धमा सांस्कृतिक आदानप्रदानको अवस्थालाई निकै महत्वपूर्ण मानिन्छ । वर्तमान समयमा विश्वसमाज कुनै न कुनै रुपबाट अन्तरसम्वन्धित छ । मानिसहरु विश्वस्तरमा घुलमिल हुने क्रममा भिन्नभिन्न समूहबिचको आपसी सम्पर्कले व्यक्ति वा समुदायहरूबिचमा नै सांस्कृतिक आदान प्रदान हुनगई सामाजिक अवस्थामा परिवर्तन आउँछ (आचार्य, २०५७) । यस किसिमको सांस्कृतिक आदानप्रदानले विवाहलाई हेर्ने सामाजिक दृष्टिकोणमा समेत फरक पार्दछ । वर्तमान समयमा पुँजी र श्रमलाई प्राथमिकता दिने युवाजमात सामाजिक परिवेश र सामाजिक संयन्त्रलाई नाघेर विदेश पलायन भएका छन् । यसले गर्दा विवाहको मौलिक परम्परा र जातीय अस्तित्व बिस्तारै मेटिँदैजाने सम्भावना देखिन्छ ।

यसरी एकपछि अर्को उत्पादनको स्वरूपमा आएको परिवर्तनसँगै स्वामित्व हस्तान्तरणले विवाहको प्रचलनमा समेत परिवर्तन हुनगयो । परम्परागत रूपमा महिला शिक्षा एवं रोजगारीका अवसरबाट टाढा रहने कारण आर्थिक पराधीनतासँग जोडेर महिलाहरूलाई हेरिन्थ्यो तर अहिलेका विवाहमा आधुनिकताको प्रभाव, महिला अधिकार र आत्मनिर्भरताका कारण विवाहको प्रचलनमा परिवर्तन भएको छ (राउत, २०२२) ।

सामाजिक परिवर्तन हुनमा पनि विभिन्न पक्षहरु जिम्मेवार हुन्छन् । नेपालमा पनि पहिलो महायुद्धले निकै ठूलो सामाजिक परिवर्तनको सूत्रपात गऱ्यो । युरोपबाट महायुद्धमा भाग लिई नेपाल फर्कदाँ धनसहित आएका लाहुरेलाई छोरी भिडाउनपाए केके न हुँदो हो भन्ने छोरीका बाबु, आमालाई हुन्थ्यो । लाहुरेले ल्याएका

लुगागहनाले केटीहरू सिङ्गारिनथालेपछि समाजमा राम्रो लगाउन खान र बाहिरी दुनिया देख्न नपाएका गाउलेहरू लाहुरे देखेपछि लोभिन्थे । त्यसैगरी फर्केर आएका लाहुरेहरूका कारणले नेपालको पहाडी भेकभरी लवाइ खवाइ र बसाइमा एकाएक परिवर्तन हुनगयो । त्यसवेलाको चलनमा लोग्नेले चाहेमा एकभन्दा वढी विवाह गर्ने हुँदा सासू,ससुराको सोखले तीनचार विवाह गरिदिने चलन थियो । फलानी बुहारी सासूले जोडेको, फलानी चाहिँ ससुराको फर्मावटबाट र फलानो लोग्नेको सोखले विवाह भएका हुन् भन्दथे (पाँडे, २०७६) ।

बदलिँदो समाजमा पतिपत्नीको आदर्श, कर्तव्य, विवेकलाई गम्भीरतापूर्वक ग्रहण नगर्ने व्यक्तिवादी स्वार्थ एवम् भौतिकवादी मदले समाजमा सम्बन्धविच्छेदका घटना दिनानुदिन बढ्दैगएका छन् (घिमिरे, २०५७) जुन विवाहका परम्परागत प्रचलनमा आएका परिवर्तनहरु हुन् ।

हिन्दू धर्ममा मात्र सीमित भएको जातव्यवस्था भारतमा अङ्ग्रेजका कारणले गर्दा खुकुलो भएको हो (घुरे, १९६९) । यसरी समाजमा विवाहका निर्धारक पक्षलाई हेर्दा परम्परागत समाजमा आर्थिक अवस्था नै सामाजिक मापदण्डको निर्धारक भएको हुँदा समाजमा आर्थिक अवस्था राम्रो हुनेहरुबिच मागीविवाह हुन्थ्यो भने आर्थिक अवस्था कमजोर भएका केटाकेटीबिच मनपरापर गरेर गरिने विवाहलाई “फेरकल्ली” प्रथा भनिन्थ्यो जसलाई समाजमा राम्रो मानिँदैनथ्यो (सूचना विभाग, २०३१) । तर वर्तमान समयमा केटाकेटीको आपसी प्रेममा गरिने विवाहलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आई समाजमा लाकप्रिय बन्दैआएको छ ।

## निष्कर्ष

विवाह नारी र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराई सन्तति सृजनाको निरन्तरताका लागि दिइने स्थायी बन्धनको अनुमति हो । यो दाम्पत्य जीवनको उच्चतम एवं अविस्मरणीय क्षण हो । हाम्रो समाजमा विवाह परिवार एवं घरमुलीबाट निर्देशित नियन्त्रित र परम्परागत प्रक्रिया एवं पद्धतिबाट अवलम्बन गरिन्थे तर युग र समयले यसलाई गतिशील बनाई यसमा परिवर्तन भइरहेको छ। किनभने यस्ता संस्कार र संस्कृतिहरु गतिहीन हुँदैनन् । यसमा समयको गहिरो प्रभाव पर्छ र समयसमयमा परिवर्तन भइरहन्छन् । परिवर्तन जनताको चाहना, युग , समय र परिस्थितिको उपज हो । वैवाहिक प्रक्रियामा शिक्षा र सञ्चारको विकास भौगोलिक सीमाबाट मुक्त विश्वव्यापी सम्पर्क लेनदेन सामाजिक, सांस्कृतिक, आर्थिक ,राजनीतिक, प्राविधिक विकास एवं वैदेशिक रोजगारी,शिक्षा ,व्यापार आदिका लागि भएका आवागमनले गहिरो प्रभाव पारेको छ एकअर्काका चलन प्रचलन, व्यवहार र सहरी जीवनशैलीले प्रभावित युवापिढीँहरू प्रचलित प्रक्रियालाई पिछडिएको ठान्दछन् । यसले व्यक्ति वा समाजको धर्म संस्कार एवं रीतिथितिप्रतिको दृष्टिकोण विश्वास जीवनको मूल्य र सोच्ने विचार गर्ने तरिकामा बदली आई वैवाहिक प्रक्रिया एवं पद्धतिमा प्रभाव परी परिवर्तन आउनथालेको छ। हुन त विवाहमा आएको आधुनिकीकरणले एकातिर संकीर्णता हटी हार्दिकता र अन्तरघुलन बढेको छ तर आधुनिकताका नाममा

यस संस्थामा आएको प्रक्रियागत परिवर्तनले विदेशको अन्धानुशरण भई पश्चिमीकरणको प्रभाव पर्नथालेको छ । आधुनिकताको नाममा आएको परिवर्तनले सामाजिक सांस्कृतिक संस्थामा विचलन आई हाम्रो सम्बृद्ध धरोहरलाई असर पुर्‍याएको छ । यसरी आधुनिकताको प्रभाव र विकसित देशको देखासिखीले गर्दा विवाह जस्तो पवित्र धार्मिक संस्कारको सामाजिक प्रचलन र मूल्यमान्यतामा परिवर्तन ल्याएको छ ।

## REFERENCES


Aryal S. (2021, November 17). For girls and women in Nepal marriage must not be a compulsion. *Onlinekhabar English*. https://english.onlinekhabar.com/women-marriage-choice.html

Engels, F. (1884). *The origin of the family, private property and the state*. Verlag der Schweizerischen Genossenschaftsbuchhandlung

Gautam, B. P. (2019*). Changing marriage practices in the Limbu community of Gairi Gaun, Soyak VDC, Ilam* [Master's thesis, Tribhuvan University, Central Department of Nepalese History].

Ghimire, D. J., Axinn, W. G., Yabiku, S. T., & Thornton, A. (2006). Social Change, Premarital Nonfamily Experience, and Spouse Choice in an Arranged Marriage Society. *American Journal of Sociology,* 111(4), 1181–1218. https://doi.org/10.1086/498468

Ghurye, G.S (1969). *Caste and race in India*. Popular Prakashan.

Kaur, G ., & Singh, S. (2013). Changing patterns of marriage in Indian society. *Indian Journal of Economics and Development*, 9(5), 261-268.

Ahearn, L. M. (2004). *Invitations to love: Literacy, love letters, and social change in Nepal*. Adarsh Books**.**

Luintel .Y .R. (2018 a). *Gender and development, Some essays*. Academic Book Center.

Luintel,Y.R. (2018,b). *Caste and society. Changing dynamics of intercaste relations in Nepal*. Academic Book Center.

McDaniel, C. (1969). Dating roles and reasons for dating. *Journal of Marriage and Family,* 31, (1): 97-107. https://www.jstor.org/stable/350012

Miles, S. (2000). *Youth Lifestyles in a Changing World*. Open University Press.

Poudel, T. M. (2016). *Intercaste marriage in eastern Nepal: Context and its Consequences.* [Master of Philosophy's Dissertation].

Retherford, R, D., & Thapa, S. (1999). The trend of fertility in Nepal, 1961-1995. *Genus*, 61-97.

Ruwali, P. N. (2018). The changing scenario of marriage in India: *A Sociological analysis.* DSB Kumaun University. https://andjournal.in/2018/11/09/the-changing-scenario-of-marriage-in-india-a-sociological-analysis/

Srinivas, M .N. (1977). The changing position of Indian women. *Man*, 12(2), 221–238. https://doi.org/10.2307/2800796

Thapa, B. K., & Kattel, S. P. (2019). Impact of modernization on family and marriage system of Nepal. *World Wide Journal of Multidisciplinary Research and Development*, *5*(12), 6-9.

**नेपाली सन्दर्भ सूची**

आचार्य, ब. (२०५७)। *विकास र सामाजिक सांस्कृतिक परिवर्तनप्रतिको अवधारणा*। न्यू हिरा बुक्स इन्टरप्राइजेज।

एंगेल्स, फ्रे. (१८८६) . *परिवार, निजि स्वामित्तो र राज्यको उत्पति* (अनु. राजेन्द्र मास्के) . प्रगति प्रकासन प्रथम पटक प्रकाशित १८८४ .

खत्री, प्रे. (२०५८) । *नेपालका धार्मिक मत र सामाजिक संरचना*। ए.के पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

घिमिरे, ऋ. (२०५७) । *विवाहपद्धति*। महेन्द्र संस्कृत विश्वविद्यालय ।

पाँडे, भी. (२०७६) । *त्यस बखतको नेपाल*। फिनिक्स बुक्स ।

मिश्र, चै. (२०६७) । *बदलिँदो नेपाली समाज*। फाइन प्रिन्ट ।

मिश्र, चै. (२०७४) । *पूँजीवाद र नेपाल*। फिनिक्स बुक्स ।

श्री ५ को सरकार (२०२२) । मुलुकी ऐन २०२० । कानुन किताब व्यवस्था समिति ।

राउत, स्व.(२०२२, फ्रेबुअरी, २४) । 'एउटा विवाहको फरक दृश्य जसले देखाउँछ परम्पराको बदलिँदो तस्बिर' । बीबीसी न्यूज नेपाली ।

सामाजिक व्यवहार सुधार ऐन २०३३ (२०७६) । *नेपाल ऐन संग्रह,* खण्ड १६, कानुन किताब व्यवस्था समिति ।

सूचना विभाग (२०३१) । *मेचीदेखि महाकाली*। श्री ५ को सरकार सूचना विभाग ।